
# आदिवासी जनजातिका अधिकारहरू सम्बन्धी
# संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७
# जानकारी मूलक पुस्तिका




# United Nations Decleration on the Rights of Indigenous Peoples (UNDRIP)-2007
## Informative Booklet in Nepali

**Indigenous Nationalities Women Youth Network (INWYN)**
**Patan, Lalitpur, Nepal**
**Tel: +977 01 5540078**
**Email: inwyn.nepal@gmail.com**
**https://inwynnepal.wordpress.com/**

आदिवासी जनजाति महिला युवा संजाल

INWYN

IFAD

INTERNATIONAL
FUND FOR
AGRICULTURAL
DEVELOPMENT

# आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र

संयुक्त राष्ट्रसंघ

महासभा

वितरण: सामान्य

२०६४ असोज १५

एकसट्ठीऔँ अधिवेशन

कार्यसूची शीर्षक ६८

महासभाद्वारा पारित गरिएको

मुख्य समितिको सन्दर्भ उल्लेख नगरी (ए/६१/एल.६७ एन्ड एडीडी.१)

६१/२९५. आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र

महासभाले,

आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रको मूलपाठलाई पारित गर्ने मानवअधिकार परिषद्को २०६३ असार १५ गतेको प्रस्ताव १/२ मा भएको सिफारिसलाई[1] ध्यानमा राख्दै,

घोषणापत्रमाथि थप परामर्श गर्ने समयका लागि त्यसमाथिको विचारविमर्श तथा कारबाहीलाई पर सार्ने तथा महासभाको एकसट्ठीऔँ अधिवेशन अन्त्य हुनुअघि आफ्नो विचारविमर्श सम्पन्न गर्ने निर्णयसमेतको २०६३ पुस ५ गतेको आफ्नो प्रस्ताव ६१/१७८ लाई स्मरण गर्दै,

प्रस्तुत प्रस्तावको परिशिष्टमा भएअनुसारको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रलाई पारित गर्दछ ।

१०७ औँ पूर्ण बैठक

२०६४ भदौ २७

---

१. महासभाको आधिकारिक अभिलेख ६१ औं सत्रको सप्लिमेन्ट नं.५३(ए/६१/५३), भाग-१, अध्याय-२, खण्ड(क) हेर्नुहोस् ।

## परिशिष्ट

आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र

महासभाले,

संयुक्त राष्ट्रसङ्घीय बडापत्रका उद्देश्य तथा सिद्धान्तहरू र राज्यहरूद्वारा उक्त बडापत्रअनुसार वहन गरिएका दायित्व पूरा गर्ने कुरामाथिको असल नियतबाट निर्देशित भएर,

फरक हुन पाउने, आफूलाई फरक ठान्न पाउने र सोही अनुसार सम्मान पाउनुपर्ने सबै मानिसहरूको अधिकारलाई स्वीकार गरेर आदिवासी जनजाति अन्य सम्पूर्ण मानिसहरू सरह समान छन् भन्ने कुरा पुष्टि गर्दै,

मानवजातिको साझा सम्पदाकोरुपमा रहेका सभ्यता तथा संस्कृतिहरूको विविधता तथा सम्पन्नतामा सबै मानिसहरूले योगदान गर्ने कुराको समेत पुष्टि गर्दै,

राष्ट्रिय उत्पत्ति वा वर्ण, धार्मिक, जातीय वा सांस्कृतिक भिन्नताका आधारमा मानिसहरू वा व्यक्ति व्यक्तिको उच्चतामा आधारित वा त्यसको वकालत गर्ने सिद्धान्त, नीति तथा प्रचलनहरू जातिवादी, वैज्ञानिक रूपमा असत्य, कानुनी रूपमा अवैध, नैतिक रूपमा निन्दनीय तथा सामाजिक रूपमा अन्यायपूर्ण छन् भन्ने कुराको थप पुष्टि गर्दै,

आदिवासी जनजातिहरू आफ्नो अधिकार उपभोग गर्ने क्रममा कुनै पनि किसिमको भेदभावबाट मुक्त हुनुपर्छ भन्ने कुराको पुष्टि गर्दै,

आदिवासी जनजातिहरू, अन्य कुरा मध्ये, आफ्नो जमिन, भूभाग तथा संसाधनहरूको उपनिवेशीकरण वा स्वामित्वहरणले गर्दा इतिहासदेखि नै अन्यायमा परेको र यसरी विशेषगरी आफ्नै आवश्यकता तथा रुचिअनुसार आफ्नो विकास गर्ने अधिकार उपभोग गर्नबाट उनीहरू वञ्चित रहेकोमा चिन्तित भएर,

आदिवासीहरूको राजनीतिक, आर्थिक एवं सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास एवं दर्शनबाट निश्रित उनीहरूका नैसर्गिक अधिकारहरू विषेशगरी आफ्नो जमिन, भूभाग तथा संसाधनहरूमाथि उनिहरूको अधिकारलाई सम्मान तथा प्रबर्द्धन गर्नुपर्ने अत्यावश्यकतालाई स्वीकार गर्दै,

राज्यहरूसँग भएका सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्थाहरूमा घोषित आदिवासी जनजातिका अधिकारलाई सम्मान तथा प्रबर्द्धन गर्नुपर्ने अत्यावश्यकतालाई समेत स्वीकार गर्दै,

आदिवासी जनजातिहरूले राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका लागि तथा जहाँसुकै भए तापनि सबै प्रकारका भेदभाव एवं दमनलाई अन्त्य गर्न आफूहरूलाई सङ्गठित पार्न थालेको तथ्यलाई स्वागत गर्दै,

आफुहरूलाई र आफ्नो जमिन, भूभाग तथा संसाधनमाथि प्रभाव पार्ने विकास गतिविधिमाथि आदिवासी जनजातिहरूको नियन्त्रणले आफ्ना संस्था, संस्कृति र परम्पराहरूलाई कायम राख्न र सवल बनाउन तथा आफ्ना आकाङ्क्षा एवं आवश्यकताअनुरुप आफ्नो विकास प्रबर्द्धन गर्न उनीहरूलाई सक्षम तुल्याउनेछ भन्ने कुरामा विश्वस्त भएर,

आदिवासीको ज्ञान, संस्कृति तथा परम्परागत अभ्यासहरूप्रतिको

सम्मानबाट दिगो एवं समन्यायिक विकास तथा वातावरणको उपयुक्त व्यवस्थापनमा योगदान पुग्ने कुरालाई स्वीकार गर्दै,

शान्ति, आर्थिक एवं सामाजिक प्रगति तथा विकासका साथै विश्वका राष्ट्र तथा जनताहरूबीच समझदारी एवं मैत्रीपूर्ण सम्बन्धका लागि आदिवासी जनजातिको जमिन तथा भूभागहरूको असैनिकीकरणले पुऱ्याउने योगदानमा जोड दिँदै,

बालअधिकारअनुरूप आफ्ना बालबालिकाको पालनपोषण, प्रशिक्षण, शिक्षा तथा कल्याणका लागि साझा जिम्मेवारी वहन गर्नेसम्बन्धी आदिवासी परिवार तथा समुदायहरूको अधिकारलाई विशेषगरी स्वीकार गर्दै,

सन्धि, सम्झौता तथा राज्यहरू र आदिवासी जनजातिहरूबीच भएका अन्य रचनात्मक व्यवस्थाहरूमा घोषित अधिकारहरू कुनैकुनै अवस्थामा अन्तर्राष्ट्रिय चासो, अभिरूचि, जिम्मेवारी तथा चरित्रका हुन्छन् भन्ने कुरामाथि विचार पुऱ्याउँदै,

सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्था र तिनले प्रतिनिधित्व गर्ने सम्बन्ध आदिवासी जनजाति तथा राष्ट्रहरूबीचको सुदृढ साझेदारीका आधार हुन् भन्ने कुरामाथि समेत विचार पुऱ्याउँदै,

संयुक्त राष्ट्रसङ्घीय बडापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि[२] र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि एवं भिएना घोषणापत्र र कार्य योजनाले[३] सबै मानिसहरूले आफ्नो राजनीतिक हैसियतबारे स्वतन्त्रतापूर्वक निर्णय गर्ने र स्वतन्त्ररुपमा आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासको खोजी गर्ने आत्मनिर्णयको अधिकारको आधारभूत महत्वलाई पुष्टि गर्छन भन्ने कुरालाई आत्मसात् गर्दै,

अन्तर्राष्ट्रिय कानुन अनुरूप अभ्यास गरिएका आत्मनिर्णय सम्बन्धी अधिकारबाट कुनै पनि मानिसलाई वञ्चित गर्न यस घोषणापत्रमा भएको कुनै पनि कुरालाई प्रयोग गर्न सकिने छैन भन्ने कुरालाई ध्यानमा राख्दै,

यस घोषणापत्रमा भएका आदिवासी जनजातिका अधिकारहरूलाई दिइएको मान्यताले न्यायका सिद्धान्तहरु, लोकतन्त्र, मानवअधिकार प्रतिको सम्मान, अविभेद तथा असल नियतमा आधारित राज्य तथा आदिवासी जनजातिबीच विद्यमान सुमधुर तथा सहयोगी सम्बन्धलाई अभिवृद्धि गर्ने कुरामा विश्वस्त भएर,

अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू, विशेषगरी मानवअधिकारसँग सम्बन्धित, अन्तर्गत आदिवासी जनजातिहरूमा लागू हुने आफ्ना सबै दायित्वहरूको पालना गर्न र सम्बन्धित मानिसहरूसँगको परामर्श तथा सहयोगमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्यहरूलाई प्रोत्साहन गर्दै,

---

२. प्रस्ताव २२०० क (२१औं), परिशिष्ट हेर्नुहोस् ।
३. ए/सिओएनएफ् । १५७/२४ (भाग-१), अध्याय-३ ।

आदिवासी जनजातिहरूको अधिकार प्रबर्द्धन तथा संरक्षण गर्नमा संयुक्त राष्ट्रसंघले महत्वपूर्ण तथा अनवरत भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिँदै,

आदिवासी जनजातिहरूको अधिकार तथा स्वतन्त्रतालाई मान्यता प्रदान, प्रबर्द्धन तथा संरक्षण गर्न र यस क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय प्रणालीका सम्बद्ध क्रियाकलापहरूको विकासका लागि यो घोषणापत्र थप महत्वपूर्ण कदम हो भन्ने कुरामा विश्वस्त भएर,

आदिवासी व्यक्तिहरू कुनै भेदभावबिना अन्तर्राष्ट्रिय कानुनमा स्वीकार गरिएका सम्पूर्ण मानवअधिकारहरूको हकदार छन् र आदिवासी जनजातिहरुलाई उनीहरूको अस्तित्व, कल्याण तथा जनजातिका रूपमा समग्र विकास गर्न अपरिहार्य सामूहिक अधिकारहरू छन भन्ने कुरा स्वीकार गर्दै तथा त्यसप्रति पुनःपुष्टि गर्दै,

आदिवासी जनजातिहरूको स्थिति क्षेत्रैपिच्छे तथा राष्ट्रैपिच्छे फरक हुन्छ र राष्ट्रिय तथा क्षेत्रीय विशेषताका साथै विभिन्न ऐतिहासिक तथा सांस्कृतिक पृष्ठभूमिलाई ध्यानमा राखिनुपर्छ भन्ने कुरालाई समेत स्वीकार गर्दै,

साझेदारी तथा आपसी सम्मानको भावनाअनुरुप हासिल गर्ने उपलब्धिका मापदण्डका रूपमा देहायका आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रलाई गम्भीरताका साथ घोषणा गर्दछ :

धारा १.

आदिवासी जनजातिलाई सामूहिक वा व्यक्तिगत रुपमा संयुक्त राष्ट्रसङ्घीय बडापत्र, मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र[४] तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा स्वीकार गरिएअनुसारका सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग गर्ने अधिकार छ ।

धारा २.

आदिवासी जनजाति तथा व्यक्तिहरू अन्य सम्पूर्ण मानिस तथा व्यक्तिहरू सरह स्वतन्त्र र समान छन् र उनीहरूलाई आफ्ना अधिकार, विशेषगरी उनीहरूको मौलिक उत्पति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमको भेदभावबाट मुक्त हुन पाउने अधिकार छ।

धारा ३

आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार छ। त्यसै अधिकारले गर्दा उनीहरू आफ्नो राजनीतिक हैसियतबारे स्वतन्त्र रूपमा निर्णय गर्नुका साथै आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका खोजी गर्दछन्।

---

४. प्रस्ताव २१७ क (३)।

धारा ४

आदिवासी जनजातिहरूलाई आफ्नो आत्मनिर्णयको अधिकार उपभोग गर्दा आफ्ना आन्तरिक तथा स्थानीय मामिला सँग सम्बन्धित कुराहरू एवं आफ्ना स्वायत्त कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमहरूबारे स्वायत्तशासन वा स्वशासनको अधिकार छ।

धारा ५

आदिवासी जनजातिहरूले चाहेमा राज्यको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनमा पूर्ण रुपमा सहभागी बन्ने अधिकार कायम राख्दै; उनिहरुलाई आफ्नो पृथक राजनीतिक, कानुनी, आर्थिक, सामाजिक तथा साँस्कृतिक संस्थाहरु कायम राख्ने; र तिनलाई सबल बनाउने अधिकार छ।

धारा ६

प्रत्येक आदिवासी व्यक्तिलाई राष्ट्रियताको अधिकार छ ।

धारा ७

१. आदिवासी व्यक्तिहरूलाई बाँच्न पाउने, शारीरिक तथा मानसिक अखण्डता, स्वतन्त्रता तथा आफ्नो शारीरिक सुरक्षाको अधिकार छ ।

२. आदिवासी जनजातिलाई पृथक् मानिसका रुपमा स्वतन्त्रता, शान्ति तथा सुरक्षापूर्वक बाँच्न पाउने सामूहिक अधिकार छ र आफ्नो समुदायका बालबालिकालाई बलपूर्वक अर्को समुदायमा लैजानेलगायत उनीहरुलाई जातिहत्या वा कुनै प्रकारको हिंसात्मक कार्यमा लगाइने छैन ।

धारा ८

१. आदिवासी जनजाति तथा व्यक्तिहरूलाई बलपूर्वक विलयन नहुने वा आफ्नो संस्कृतिको विनाश नगराउने अधिकार छ ।

२. राज्यहरूले देहायका कुराहरूको रोकथाम तथा न्यायिक क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन् :

(क) पृथक् मानिसका रूपमा उनीहरूलाई आफ्नो अखण्डता वा आफ्ना सांस्कृतिक मूल्य वा जातीय पहिचानबाट वञ्चित पार्ने उद्देश्य भएको वा त्यस्तो परिणाम ल्याउने कुनै पनि कार्य;

(ख) आफ्नो जमिन, भूभाग वा संसाधनहरूमाथि उनीहरूको स्वामित्वहरण गर्ने उद्देश्य भएको वा त्यस्तो परिणाम ल्याउने कुनै पनि कार्य;

(ग) उनीहरूका अधिकारमध्ये कुनै पनि अधिकार उल्लङ्घन गर्ने वा अवमूल्यन गर्ने उद्देश्य भएको वा त्यस्तो परिणाम ल्याउने कुनै पनि प्रकारको बलपूर्वक गरिने सामूहिक बसाइँसराइ;

(घ) कुनै पनि प्रकारको बलपूर्वक विलयन वा समायोजन;

(ङ) उनीहरूविरुद्ध लक्षियत जातिगत वा जातीय भेदभाव प्रवर्द्धन गर्न वा भड्काउन तयार गरिएको कुनै पनि प्रकारको प्रचारबाजी ।

धारा ९

आदिवासी जनजाति तथा व्यक्तिहरूलाई सम्बन्धित समुदाय वा राष्ट्रको परम्परा तथा प्रचलनअनुसार कुनै पनि आदिवासी समुदाय वा राष्ट्रसँग आबद्ध हुने अधिकार छ । यस्तो अधिकार उपभोग गर्दा कुनै पनि किसिमको भेदभाव सिर्जना हुनुहुँदैन ।

धारा १०

आदिवासी जनजातिलाई उनीहरूको जमिन वा भूभागबाट बलपूर्वक हटाइने छैन । कुनै पनि स्थानान्तरण सम्बन्धित आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सूचित मञ्जुरीबिना हुने छैन र यस्तो स्थानान्तरण न्यायपूर्ण एवं उचित क्षतिपूर्ति दिने सहमतिमा तथा सम्भव भए फिर्ता हुने विकल्पसहित हुनेछ ।

धारा ११

१. आदिवासी जनाजातिलाई आफ्नो सांस्कृतिक परम्परा र प्रचलनहरू मान्ने तथा तिनलाई पुनःजीवन्त तुल्याउने अधिकार छ । यसमा पुरातात्विक तथा ऐतिहासिक स्थल, कलाकृति, शैली, उत्सव, प्रविधि तथा दृश्य एवं प्रस्तुति कला र साहित्यजस्ता उनीहरूका संस्कृतिका भूत, वर्तमान तथा भावी स्वरूपलाई कायम राख्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकारसमेत पर्दछ ।

२. उनीहरूको स्वतन्त्र, पूर्व तथा सूचित मन्जुरीबिना वा उनीहरूको कानुन, परम्परा तथा प्रचलनहरूको उल्लङ्घन हुने गरी लिइएका उनीहरूको सांस्कृतिक, बौद्धिक, धार्मिक तथा आध्यात्मिक सम्पत्तिहरूका सन्बन्धमा आदिवासी जनजातिसँगको सहकार्यमा तयार पारिएको प्रत्यवस्थापनलगायतका प्रभावकारी संयन्त्रहरुमार्फत राज्यहरुले क्षतिपूर्ति उपलब्ध गराउनेछन् ।

धारा १२

१. आदिवासी जनजातिलाई उनीहरूका आफ्ना आध्यात्मिक तथा धार्मिक परम्परा, प्रचलन र उत्सवहरू  प्रदर्शन गर्ने, मान्ने, तिनको विकास गर्ने तथा सिकाउने अधिकार; आफ्ना धार्मिक तथा सांस्कृतिक स्थलहरूको सम्भार तथा संरक्षण गर्ने र त्यहाँ एकान्त पहुँच प्राप्त गर्ने अधिकार; आफ्ना धार्मिक वस्तुहरूको प्रयोग तथा तीमाथि नियन्त्रणको अधिकार; र आफ्ना मानव अवशेषहरू स्वदेश फर्काउन पाउने अधिकार छ ।

२. सम्बन्धित आदिवासी जनजातिसँग मिलेर तयार पारिएको स्वच्छ, पारदर्शी तथा प्रभावकारी संयन्त्रहरूको माध्यमबाट राज्यहरूले आफ्नो स्वामित्वमा रहेका धार्मिक वस्तु तथा मानव अवशेषहरूमा आदिवासी जनजातिहरूको पहुँच प्राप्त गराउन र/वा ती वस्तु फिर्ता गर्न प्रयास गर्नेछन् ।

धारा १३

१. आदिवासी जनजातिहरूलाई उनीहरूको आफ्नो इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यलाई पुनःजीवित तुल्याउने, प्रयोग गर्ने तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने र समुदाय, स्थान र व्यक्तिहरूको आफ्नै नाम राख्ने र धारण गर्ने अधिकार छ ।

२. यो अधिकार संरक्षित भएको कुरा सुनिश्चित गर्नुका साथै आवश्यक भएमा व्याख्याको माध्यममार्फत वा अन्य कुनै उपयूक्त माध्यमद्वारा आदिवासी जनजातिले राजनीतिक, कानुनी तथा प्रशासनिक कारवाही बुझ्न सकून् र उनीहरूलाई पनि त्यसै अर्थमा बुझ्न सकियोस भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपाय अवलम्बन गर्नेछन् ।

धारा १४

१. आदिवासी जनजातिलाई पठनपाठनको आफ्नो सांस्कृतिक पद्धतिहरूसँग उपयुक्त हुने गरी आफ्नै भाषामा शिक्षा उपलब्ध

गराउने आफ्ना शिक्षण प्रणाली र संस्थानहरूको स्थापना तथा तीमाथि नियन्त्रण गर्ने अधिकार छ ।

२. आदिवासी व्यक्तिहरूमा विशेषगरी बालबालिकालाई कुनै भेदभावबिना राज्यको सबै तह तथा प्रकारका शिक्षामा अधिकार छ ।

३. आफ्नो समुदायबाहिर रहेका आदिवासी जनजातिलगायत विशेषगरी बालबालिकाका लागि सम्भव भएमा उनीहरूको आफ्नै संस्कृति र भाषामा प्रदान गरिएको शिक्षामा पहुँच उपलब्ध गराउन राज्यहरूले आदिवासी जनजातिसँग मिलेर प्रभावकारी उपाय अवलम्बन गर्नेछन् ।

धारा १५

१. आदिवासी जनजातिलाई उनीहरूको आफ्नो संस्कृति, परम्परा, इतिहास तथा आकाङ्क्षाहरूको मर्यादा तथा विविधतासम्बन्धी अधिकार छ र यो शिक्षा तथा सार्वजनिक जानकारीमा उपयुक्तरूपमा प्रतिविम्बित हुनेछ ।

२. राज्यहरूले पूर्वाग्रहविरुद्ध लड्न र भेदभाव उन्मूलन गर्न तथा आदिवासी जनजाति र समाजका अन्य सबै वर्गहरूबीच सहिष्णुता, समझदारी र सुसम्बन्ध प्रबर्द्धन गर्न सम्बन्धित आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा प्रभावकारी उपायहरू गर्नेछन् ।

धारा १६

१. आदिवासी जनजातिलाई उनीहरूका आफ्नै भाषामा आफ्नै सञ्चारमाध्यम स्थापना गर्ने र कुनै भेदभाव बिना सबै प्रकारका गैरआदिवासी सञ्चारमाध्यममा पहुँच प्राप्त गर्ने अधिकार छ ।

२. राज्यले सरकारी सञ्चारमाध्यममा उचित मात्रामा आदिवासी सांस्कृतिक विविधता प्रतिविम्बित होस भन्ने कुरा सुनिश्चित गर्न

प्रभावकारी उपाय अवलम्बन गर्नेछन् । राज्यहरूले अभिव्यक्तिको पूर्ण स्वतन्त्रताको सुनिश्चित गर्ने कुरालाई प्रतिकुल असर नपर्ने गरी आदिवासी सांस्कृतिक विविधतालाई पर्याप्त मात्रामा प्रतिविम्बित गर्न निजी स्वामित्वमा रहेका सञ्चारमाध्यमलाई प्रोत्साहत गर्नुपर्छ ।

धारा १७

१. आदिवासी जनजाति तथा व्यक्तिहरूलाई लागू अन्तर्राष्ट्रिय तथा राष्ट्रिय श्रम कानुनअन्तर्गत व्यवस्था गरिएका सम्पूर्ण अधिकार हरूको पूर्ण उपभोग गर्ने अधिकार छ ।

२. आदिवासी बालबालिकाको विशेष जोखिमको अवस्था र उनीहरूको सशक्तीकरणका लागि शिक्षाको महत्वलाई ध्यानमा राख्दै उनीहरूलाई  शोषणबाट तथा जोखिमपूर्ण हुनसक्ने वा बालबालिकाको शिक्षामा हस्तक्षेप गर्नसक्ने वा बालबालिकाको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानिकारक हुनसक्ने कुनै पनि कामबाट आदिवासी बालबालिकालाई संरक्षण गर्न राज्यहरूले आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा विशिष्ट उपायहरू गर्नेछन् ।

३. आदिवासी व्यक्तिहरूलाई, अन्य कुरामध्ये, श्रम तथा रोजगारी वा तलबसम्बन्धी कुनै पनि भेदभावकारी शर्तहरू आफूहरूमाथि लागू हुननदिने अधिकार छ ।

धारा १८

आदिवासी जनजातिलाई आफ्नो अधिकारलाई असर गर्ने विषयहरुसँग सम्बन्धित निर्णय प्रक्रियामा आफ्नै कार्यविधिअनुरूप आफैले छानेका प्रतिनिधिहरूमार्फत् सहभागी बन्ने एवं आफ्नै निर्णयकारी आदिवासी संस्थाहरूलाई कायम राख्ने तथा विकास गर्ने अधिकार छ ।

धारा १९

आदिवासी जनजातिलाई असर गर्नसक्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्बन तथा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सूचित मञ्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरू मार्फत् उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन् ।

धारा २०

१. आदिवासी जनजातिलाई आफ्नो राजनीतिक, आर्थिक र सामाजिक प्रणाली वा संस्थाहरु कायम राख्ने र तिनको विकास गर्ने, जीविकोपार्जन तथा विकासका आफ्नै माध्यमहरूको उपभोगमा सुरक्षित रहने र आफ्ना सम्पूर्ण परम्परागत एवं अन्य आर्थिक क्रियाकलापहरूमा स्वतन्त्रपूर्वक संलग्न हुने अधिकार छ ।

२. जीविकोपार्जन तथा विकासका आफ्नै साधनहरूबाट वञ्चित आदिवासी जनजाति न्यायपूर्ण तथा उचित क्षतिपूर्तिका हकदार छन् ।

धारा २१

१. आदिवासी जनजातिलाई, अन्य कुरामध्ये, शिक्षा, रोजगारी, व्यावसायिक तालिम र पुनःतालिम, आवास, सरसफाइ, स्वास्थ्य तथा सामाजिक सुरक्षाका क्षेत्रलगायतमा कुनै भेदभावबिना आफ्नो आर्थिक तथा सामाजिक अवस्थमा सुधार गर्न पाउने अधिकार छ ।

२. राज्यहरूले उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा नियमित सुधार सुनिश्चित गर्न प्रभावकारी उपाय र उपयुक्त भए विशेष उपाय गर्नेछन् । आदिवासी ज्येष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गहरूको अधिकार तथा विशेष आवश्यकताहरूप्रति विशेष ध्यान दिइनेछ ।

धारा २२

१. यस घोषणापत्रको कार्यान्वयन गर्दा आदिवासी ज्येष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिका अधिकार तथा विशेष आवश्यकताहरूप्रति विशेष ध्यान दिइनेछ ।

२. आदिवासी महिला तथा बालबालिकाका लागि सबै प्रकारका हिंसा र भेदभावविरुद्ध पूर्ण संरक्षण तथा प्रत्याभूति सुनिश्चित गर्न राज्यहरूले आदिवासी जनजातिसँग मिलेर उपायहरू  गर्नेछन् ।

धारा २३

आदिवासी जनजातिलाई विकाससम्बन्धी आफ्नो अधिकार उपभोग गर्न प्राथमिकता तथा रणनीतिहरू निर्धारण र तयार गर्ने अधिकार छ । विशेषगरी, आदिवासी जनजातिलाई स्वास्थ्य, आवास तथा आफूलाई असर गर्ने अन्य आर्थिक तथा सामाजिक कार्यक्रमहरू तर्जुमा तथा निर्धारण  गर्न सक्रियरूपमा संलग्न हुने र सम्भव भएसम्म उनीहरूका आफ्नै संस्थाहरूबाट त्यस्ता कार्याक्रमहरू सञ्चालन गराउने अधिकार छ ।

धारा २४

१. आदिवासी जनजातिलाई आफ्ना परम्परागत औषधि तथा औषधस् वनस्पति, जनावर तथा खनिजहरूको संरक्षणलगायत स्वास्थ्यसम्बन्धी आफ्ना परम्परागत प्रचलनहरुलाई कायम राख्न पाउने अधिकार छ । आदिवासी व्यक्तिहरूलाई कुनै पनि भेदभावबिना सम्पूर्ण सामाजिक तथा स्वास्थ्य सेवाहरूमा पहुँचको अधिकार पनि छ ।

२. आदिवासी व्यक्तिहरूलाई प्राप्त गर्न सकिने उच्चतम शारीरिक तथा मानसिक स्वास्थ्यस्तर उपभोग गर्न पाउने समान अधिकार छ । यस अधिकारको क्रमशः पूर्ण उपभोग हासिल गर्ने उद्देश्यले राज्यहरूले आवश्यक कदम चाल्नेछन् ।

धारा २५

आदिवासी जनजातिलाई परम्परादेखि नै आफ्नो स्वामित्वमा रहेका

वा उनीहरुले अन्य किसिमले बसोबास गरी प्रयोग गर्दै आएका जमिन, भूभाग, पानी र तटवर्तीय समुद्र तथा अन्य संसाधनसँगको उनीहरूको पृथक् आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने र यस सन्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तर दायित्व वहन गर्ने अधिकार छ।

धारा २६

१. आदिवासी जनजातिलाई उनीहरूले परम्परादेखि नै आफ्नो स्वामित्वमा रहेका, बसोबास गरेका वा अन्य किसिमबाट प्रयोग गर्दै आएका वा हासिल गरेका जमिन, भूभाग तथा संसाधनहरूमाथिको अधिकार छ।

२. आदिवासी जनजातिलाई परम्परागत स्वामित्व वा अन्य परम्परागत व्यवसाय वा प्रयोगका कारण आफुसँग भएका तथा आफूले अन्य किसिमले प्राप्त गरेको जमिन, भूभाग तथा संसाधनमाथिको स्वामित्व प्राप्त गर्ने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ।

३. राज्यहरूले यी जमिन, भूभाग तथा संसाधनहरूलाई कानुनी मान्यता तथा संरक्षण दिनेछन् । त्यस्तो मान्यता सम्बन्धित आदिवासी जनजातिको प्रचलन, परम्परा तथा भूस्वामित्व प्रथालाई ध्यानमा राख्दै प्रदान गरिनेछ।

धारा २७

परम्परागत रूपमा स्वामित्वमा रहेका वा अन्य किसिमबाट बसोबास वा प्रयोग गरिँदै आएकासमेत आदिवासी जनजातिका जमिन, भूभाग र संसाधनहरूमा उनीहरूका अधिकारलाई मान्यता प्रदान गर्न र न्याय निरुपण गर्न राज्यहरूले सम्बन्धित आदिवासी जनजातिसँग मिलेर उनीहरूको कानुन, परम्परा, प्रचलन र भूस्वामित्व प्रणालीलाई उचित मान्यता दिँदै एउटा स्वच्छ, स्वतन्त्र,

निष्पक्ष, खुला र पारदर्शी प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्नेछन् । आदिवासी जनजातिलाई यस प्रक्रियामा सहभागी बन्ने अधिकार हुनेछ ।

धारा २८

१. आदिवासी जनजातिलाई परम्परागत रूपमा आफ्नो स्वामित्वमा रहेका वा अन्य किसिमले उनीहरुले बसोबास वा प्रयोग गरेका जमिन, भूभाग तथा संसाधनहरू आफ्नो स्वतन्त्र, पूर्व तथा सूचित सहमतिबिना जफत गरिए, लिइए, बसोबास र प्रयोग गरिए वा त्यसमा क्षति पुऱ्याएमा प्रत्यवस्थापनालागयतका माध्यमबाट क्षतिपूर्ति प्राप्त गर्ने वा त्यो सम्भव नभएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ ।

२. सम्बन्धित मानिसहरूले स्वतन्त्रतापूर्वक सहमति जनाएको अवस्थामा बाहेक गुणस्तर, आकार र कानुनी हैसियतमा समान हुने गरी जमिन, भूभाग र संसाधनका रूपमा वा मौद्रिक रूपमा वा अन्य उपयुक्त क्षतिपूर्तिका रूपमा त्यस्तो क्षतिपूर्ति प्राप्त हुनेछ ।

धारा २९

१. आदिवासी जनजातिलाई आफ्नो वातावरण तथा जमिन वा भूभाग र संसाधनको उत्पादनशील क्षमतालाई बचाएर राख्ने वा त्यसको संरक्षण गर्ने अधिकार छ । यस्तो बचाउ तथा संरक्षणका लागि राष्ट्रले कुनै भेदभावबिना आदिवासी जनाजतिका लागि सहायता कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्नेछ ।

२. आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सूचित सहमतिबिना उनीहरूको जमिन वा भूभागमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन नगरिने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू गर्नेछन् ।

३. त्यस्ता पदार्थहरूबाट प्रभावित मानिसहरुले तयार तथा कार्यान्वयन गरे अनुसार आदिवासी जननजातिको स्वास्थ्यको

अनुगमन गर्ने, त्यसलाई कायम राख्ने तथा स्वास्थ्य लाभ गर्ने कार्यक्रमहरूको उचित कार्यान्वयन सुनिश्चित गर्न पनि राज्यहरूले आवश्यकता अनुसार प्रभावकारी उपायहरु गर्नेछन् ।

धारा ३०

१. सम्बद्ध सार्वजनिक हितका लागि उचित नठहऱ्याएसम्म वा सम्बन्धित आदिवासी जनजातिद्वारा स्वतन्त्रतापूर्वक सहमति दिइएको वा अनुरोध गरिएको अवस्थामा बाहेक आदिवासी जनजातिको जमिन वा भूभागमा सैनिक गतिविधि हुनेछैन ।

२. सैनिक गतिविधिका लागि आदिवासी जनजातिको जमिन वा भूभाग प्रयोग गर्नुपूर्व राज्यहरूले उपयुक्त कार्यविधिमार्फत् र विशेष रूपमा प्रतिनिधिमूलक संस्थाहरूमार्फत सम्बन्धित आदिवासी जनजातिसँग प्रभावकारी परामर्श गर्नेछन् ।

धारा ३१

१. आदिवासी जनजातिलाई आफ्नो सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत सांस्कृतिक अभिव्यक्ति कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार हुनुका साथै मानव तथा आनुवांशिक संसाधन, बीउबिजन औषधि, जीवजन्तु एवं वनस्पति जगतका विशेषता सम्बन्धी ज्ञान, लोक परम्परा, साहित्य, शैली, खेलकुद एवं परम्परागत खेल तथा दृश्य एवं प्रस्तुति कलालगायत आफ्ना विज्ञान, प्रविधि तथा संस्कृतिहरू व्यक्त गर्न पाउने अधिकार छ । उनीहरूलाई यस्ता सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत सांस्कृतिक अभिव्यक्तिहरूमाथि आफ्नो बौद्धिक सम्पत्ति कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार पनि छ ।

२. यी अधिकारहरूको उपभोगलाई मान्यता प्रदान गर्न तथा संरक्षण गर्न आदिवासी जनजातिसँग मिलेर राज्यहरूले प्रभावकारी उपायहरु गर्नेछन् ।

धारा ३२

१. आदिवासी जनजातिलाई आफ्ना जमिन वा भूभाग वा अन्य संसाधनहरुको विकास वा प्रयोगका लागि प्राथमिकता र रणनीतिहरू निर्धारण तथा तयार गर्ने अधिकार छ ।

२. आदिवासी जनजातिको जमिन वा भूभाग वा अन्य संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा दोहनसँग सम्बन्धित वस्तुलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरुले आदिवासी जनजातिको स्वतन्त्र तथा सूचित सहमति प्राप्त गर्न उनीहरूका आफ्ना प्रतिनिधिमूलक संस्थाहरूमार्फत सम्बन्धित आदिवासी जनजातिसँग असल नियतले परामर्श तथा सहयोग गर्नेछन् ।

३. राज्यहरूले त्यस्ता कुनै पनि क्रियाकलापका लागि स्वच्छ तथा न्यायपूर्ण क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन् र नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, सांस्कृतिक वा आध्यात्मिक प्रभाव न्यून गर्न उपायहरू गरिने छ ।

धारा ३३

१. आदिवासी जनजातिलाई आफ्नो प्रचलन तथा परम्पराअनुरूप आफ्नो मौलिक पहिचान वा सदस्यता सम्बन्धमा निर्धारण गर्ने अधिकार छ । आदिवासी जनजाति बसोबास गर्ने राज्यको नागरिकता प्राप्त गर्न पाउने आदिवासी व्यक्तिहरूको अधिकारलाई यसले क्षति पुऱ्याउँदैन ।

२. आदिवासी जनजातिलाई आफ्नै कार्यविधिअनुरूप आफ्ना संस्थाहरूको संरचनात्मक स्वरूप निर्धारण गर्ने तथा सदस्यता छनौट गर्न पाउने अधिकार छ ।

धारा ३४

आदिवासी जनजातिलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप आफ्ना संस्थागत संरचना र पृथक् प्रचलनहरु,

आध्यात्मिकता, परम्परा, कार्यविधि, अभ्यास र न्यायिक प्रणाली तथा प्रचलनहरू विद्यमान छन् भने तिनको प्रवर्द्धन गर्ने, विकास गर्ने तथा तिनलाई कायम राख्न पाउने अधिकार छ ।

धारा ३५

आदिवासी जनजातिलाई आफ्नो समुदायप्रति व्यक्तिहरूका जिम्मेवारी निर्धारण गर्न पाउने अधिकार छ ।

धारा ३६

१. आदिवासी जनजाति, विशेषगरी अन्तर्राष्ट्रिय सीमाद्वारा विभाजित भएकाहरूलाई  सीमापारिका आफ्ना सदस्य एंव अन्य मानिसहरूसँग आध्यात्मिक, सांस्कृतिक, राजनीतिक, आर्थिक तथा सामाजिक उद्देश्यले गरिने गतिविधिलगायत उनीहरूसँग सम्पर्क, सम्बन्ध र सहयोग कायम राख्न र विकास गर्ने पाउने अधिकार छ ।

२. राज्यहरूले आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा यस अभ्यासलाई सहज बनाउन तथा यस अधिकारको कार्यान्वयन सुनिश्चित गर्न प्रभावकारी उपायहरु गर्नेछन् ।

धारा ३७

१. आदिवासी जनजातिलाई राज्य वा तिनका उत्तराधिकारीहरूसँग सम्पन्न सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्थाहरूलाई मान्यता दिलाउने, पालना तथा कार्यान्वयन गराउने र त्यस्ता सन्धि, सम्झौता एवं अन्य रचनात्मक व्यवस्थाको राज्यबाट सम्मान तथा आदर पाउने अधिकार छ ।

२. यस घोषणापत्रमा भएका कुनै पनि कुरालाई सन्धि, सम्झौता एवं अन्य रचनात्मक व्यवस्थाहरूमा भएका आदिवासी जनजातिका अधिकारहरू न्यून गर्ने वा निर्मूल गर्ने भनी व्याख्या गर्न सकिने छैन ।

धारा ३८

राज्यहरूले आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा यस घोषणापत्रका उद्देश्य हासिल गर्न कानुनीगायतका उपयुक्त उपायहरु गर्नेछन् ।

धारा ३९

आदिवासी जनजातिसँग यस घोषणापत्रमा भएका अधिकारहरूको उपभोगका लागि राज्यबाट तथा अन्तर्राष्ट्रिय सहयोगमार्फत वित्तीय तथा प्राविधिक सहयोगमा पहुँच प्राप्त गर्ने अधिकार छ ।

धारा ४०

आदिवासी जनजातिलाई राज्य वा अन्य पक्षहरूसँगका द्वन्द एवं विवादको समाधानका लागि उचित एवं निष्पक्ष कार्यविधिमार्फत शीघ्र निर्णयमा पुग्ने एवं आफ्नो सामूहिक एवं व्यक्तिगत अधिकार हरूको सम्पूर्ण उल्लङ्घनका लागि प्रभावकारी न्यायिक उपचार प्राप्त गर्ने अधिकार छ । त्यस्तो निर्णयले सम्बन्धित आदिवासी जनजातिको प्रचलन, परम्परा, नियम एवं कानुनी प्रणाली तथा अन्तर्राष्ट्रिय मानवअधिकारमाथि उचित विचार पुऱ्याउनेछ ।

धारा ४१

संयुक्त राष्ट्रसङ्घीय प्रणालीका अङ्ग एवं विशिष्टीकृत निकायहरू तथा अन्य अन्तरसरकारी सङगठनहरूले वित्तीय सहयोग तथा प्राविधिक सहयोगको परिचालनलगायत अन्य माध्यमबाट यस घोषणापत्रका प्रावधानहरूको पूर्ण उपभोगका लागि योगदान गर्नेछन् । आदिवासी जनजातिलाई असर गर्ने मुद्दाहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने उपाय तथा माध्यमहरूको व्यवस्था गरिनेछ ।

धारा ४२

संयुक्त राष्ट्रसङ्घ, आदिवासी मुद्दाहरूसम्बन्धी स्थायी मञ्चलगायतका यसका अङ्गहरू र देशीय तहमा समेत रहेका यसका विशिष्टीकृत निकाय तथा राज्यहरूले यस घोषणापत्रका प्रावधानहरूप्रतिको सम्मान र तिनको पूर्ण कार्यान्वयनको प्रवर्द्धन गर्नुका साथै घोषणापत्रको प्रभावकारिताको अनुगमन गर्नेछन् ।

धारा ४३

यहाँ स्वीकार गरिएका अधिकारहरू विश्वका आदिवासी जनजातिका जीविका,प्रतिष्ठा तथा कल्याणका लागि न्यूनतम मापदण्डहरु हुन् ।

धारा ४४

यहाँ स्वीकार गरिएका सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरू आदिवासी महिला तथा पुरुष दुवैका लागि समान रूपमा प्रत्याभूत गरिएका छन् ।

धारा ४५

यस घोषणापत्रमा भएका कुनै पनि कुरालाई आदिवासी जनजातिसँग अहिले भएका वा उनीहरुले भविष्यमा प्राप्त गर्न सक्ने अधिकार हरूलाई न्यून गर्ने वा निर्मूल गर्ने अर्थमा लिइन सकिने छैन ।

धारा ४६

१. कुनै राज्य, जनता, समूह वा व्यक्तिसँग संयुक्त राष्ट्रसङ्घीय बडापत्रविपरीत कुनै क्रियाकलापमा संलग्न हुन वा कुनै कार्य गर्न अधिकार हुने अर्थ लाग्ने गरी वा सार्वभौम तथा स्वतन्त्र राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक एकाइलाई पूर्ण वा आंशिक रूपमा खण्डित पार्ने वा कमजोर पार्ने कुनै कार्य गर्न अनुमति दिने वा प्रोत्साहन गर्ने अर्थ लाग्ने गरी यस घोषणाका कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन ।

२. प्रस्तुत घोषणापत्रमा भएका अधिकारहरू प्रयोग गर्दा सबैका मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान गरिनेछ । यस

घोषणापत्रमा उल्लेखित अधिकारहरूको प्रयोग कानुनद्धारा निर्धारित तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वअनुरूपका सीमाहरूको अधीनमा मात्र रही हुनेछ । यस्ता कुनै पनि सीमाहरू अविभेदकारी तथा अरुका अधिकार एवं स्वतन्त्रताहरूको उचित मान्यता र सम्मान सुरक्षित गर्ने एवं लोकतान्त्रिक समाजको उचित तथा सर्वाधिक बाध्यात्मक आवश्यकताहरू पूरा गर्ने उद्देश्यका लागि मात्र आवश्यक हुनेछन् ।

३. यस घोषणापत्रमा उल्लिखित प्रावधानहरूको व्याख्या न्याय, लोकतन्त्र, मानवअधिकारप्रतिको सम्मान, समानता, अविभेद, सुशासन तथा असल नियतका सिद्धान्तहरू अनुरूप गरिनेछ ।

सन्दर्भ सामाग्रीहरु


१ संयुक्त राष्ट्रसंघको बडापत्र, (संयुक्त राष्ट्र संघको संरचनागत चित्रसहित)

२ संयुक्त राष्ट्रसंघको सन्धि सम्बन्धी निर्देशिका,

३ सन् १९६९ को सन्धिहरूका कानुन सम्बन्धी भिएना महासन्धि,

४ सन् १९८६ को राज्य तथा अन्तर्राष्ट्रिय संगठनहरू वा अन्तर्राष्ट्रिय संगठनहरूबीच सन्धिहरूका कानुन सम्बन्धी भिएना महासन्धि ।(लागु नभै सकेको),

५ विश्वव्यापि मानवअधिकार घोषणापत्र,

६ नेपाल पक्षरहेका मानवअधिकारका विभिन्न सन्धि, महासन्धि तथा प्रतिज्ञापत्रहरू ।

७ नेपाल सरकारका जिल्ला प्रशासन कार्यलय लगायत विभिन्न सरकारी कार्यालयहरूमा राखिएका नागरिक वडापत्रहरू

८ आदिवासी मामिलासम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थाई मञ्चद्वारा प्रकाशित "आदिवासी जनता, आदिवासी आवाज" (Indigenous Peoples, Indigenous Voices),

सामाग्रीमा आधारित ऐतिहासिक तथ्यहरू को सूचि ।

९ अन्तर्राष्ट्रिय न्यायलयको विधान ।

१० हुडानेसुनी आदिवासी समुदायका प्रमुख देश्खा, मावरीका धार्मिक नेता रतानाको योगदानको अभिलेख ।

११ विश्व आदिवासी दशक (पहिलो तथा दोस्रो)को लक्ष्य तथा उद्देश्यहरू ।

१२ विश्व आदिवासी विकासका लागि संयुक्त राष्ट्रसंघ मानवअधिार आयोगको अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरू

१३ आदिवासी जनसंख्या सम्बन्धि कार्यसमूह (Working Group on Indigenous Population) तथा विज्ञहरू (Expert Mechanism of Resources on Indigenous Peoples) को प्रतिवेदनहरू ।

१४ आदिवासी मामिला सम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मंच (United Nations Permanent Forum on Indigenous Peoples) का प्रतिवेदनहरू ।

१५ आदिवासीका अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र (United Nations Declaration on the Rights of Indigenous Peoples) र त्यसका निर्माण प्रक्रियाहरूका प्रतिवेदनहरू ।

१६ आजगैससमद्वारा प्रकाशित आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको बुक्लेट